**बान्नीगढी जयगढ गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ७ मितिः २०७४//१०/०५

# भाग- २

# बान्नीगढी जयगढ गाउँपालिका

## बान्नीगढी जयगढ गाउँपालिकाको प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधी, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरीबान्नीगढी जयगढगाउँकार्यपालिकाले **बान्नीगढी गाउँपालिकाको प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधी, २०७४** जारी गरेको छ ।

**<u>प्रस्तावनाः</u>**

यस गाउँपालिकाभित्र प्राविधिक कर्मचारीहरु योजनास्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकास योजना तथा कार्यक्रममा हुने प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न बान्नीगढी जयगढ गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेदः १

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) कार्यविधीको नाम "बान्नीगढी जयगढ गाउँपालिकाको प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधी, २०७४" रहेको छ ।

ख) यो कार्यविधी गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) "**अनुगमन टोली"** भन्नाले कार्यालयले गठन गरेको अनुगमन टोली सम्झनु पर्दछ ।

ख) "**योजना"** भन्नाले गाउँपालिकाभित्र सञ्चालित योजनाहरु बुझ्नु पर्नेछ ।

ग) "**कार्यालय"** भन्नाले बान्नीगढी जयगढ गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) "**समिति"** भन्नाले उपभोक्ता समिति वा लाभग्राही समिति भन्ने सम्झनु पर्दछ ।

(ङ) "**प्राविधिक कर्मचारी"** भन्नाले योजना हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारी भनी सम्झनु पर्दछ ।

(च) "**अधिकृतस्तर}** भन्नाले राजपत्राङ्कित दितीय र तृतीय श्रेणी वा सो सरह तथा सहायकस्तर भन्नाले राजपत्रअनंकित वा सो सरहका कर्मचारीलाई बुझ्नु पर्नेछ ।

## परिच्छेदः २

**३. फील्ड आदेश स्वीकृत गर्नुपर्नेः** यस कार्यविधि बमोजिम योजनाको लगत ईस्टिमेट तयार गर्न, रनिङबिल तयार गर्न, अनुगमन गर्न, कार्यसम्पादन स्तर जाँच गर्न या कार्य सम्पन्न प्रतिवेदन तयार गर्न वा योजना सम्पन्न भैसके पश्चात जुनसुकै अवस्थामा प्राविधिक कर्मचारी फिल्डमा गई हेर्नुपर्ने भएमा सो को अगावै अनुसूची-१ बमोजिमको फिल्ड आदेश स्वीकृत गराई जानु पर्नेछ ।

## ४. समूहीकृत मूल्याँकन गर्नुपर्नेः

क) एक दिन भन्दा बढी अवधिको लागि दफा ३ बमोजिमको फिल्ड आदेश स्वीकृत गराउँदा ठाउँ-भेग पायक मिल्ने आधारमा कम्तीमा दुइवटा योजनाका लागि दफा ३ मा उल्लिखित काममध्ये कुनै एक काम एकैपटक हुन सक्ने गरी समूहीकृत गरी बनाई पेश गर्नु पर्नेछ ।

ख) उपदफा १ बमोजिम एक भन्दा बढी दिनका लागि कर्मचारी खटिनुपर्ने भएमा कम्तीमा स्वीकृत दिनबराबरको योजना संख्यामा कामकाज गर्नु पर्नेछ ।

## ५. प्रतिवेदन पेश गर्नुपर्नेः

क) दफा ३ मा उल्लेखित मध्ये जुन योजनाका लागि जुन काममा खटीई गएको हो सो कामको नियमानुसारको प्रतिवेदन फिल्डबाट फर्किएको तीन दिनभित्र तयार गरी पेश गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिमको प्रतिवेदन स्वीकृत भैसके पश्चात मात्रै अनुसूची-२ बमोजिमको फिल्ड बिल भरी पेश गर्न सकिनेछ ।

## ६. योजनागत फील्ड भ्रमण फाँटवारी तयार गर्नुपर्नेः

**क)** प्राविधिक कर्मचारीले अघिल्लो महिनामा कम्तीमा एकपटक फिल्ड आदेश स्वीकृत गराएको योजनाको अर्को महिनाको सात गते भित्र अनुसूची-३ को ढाँचामा मासिक फील्ड भ्रमण फाँटवारी तयार गर्नुपर्नेछ ।

ख) यस कार्यविधि बमोजिम फिल्ड सुविधा दाबी गर्ने कर्मचारीले योजनाको कार्यसम्पन्न भैसके पश्चात कार्यसम्पन्न प्रतिवेदन साथसाथै प्रत्येक योजनाका लागि फिल्डमा खटिएको योजनागत फिल्ड भ्रमण फाँटवारी अनुसूची-४ को ढाँचामा तयार गरी पेश गर्नुपर्नेछ ।

ग) अनुसूची-४ बमोजिम जुन उद्देश्यले फिल्ड भ्रमण गरीएको हो सो फिल्ड आदेशको अन्तिम मितिले सात दिनभित्र प्रतिवेदन पेश नगरेमा उक्त उद्देश्य बापतको दिनबराबरको फिल्ड सुविधा दाबी गर्नुहुँदैन ।

घ) एक योजनाका लागि सबै चरणमा गरी अधिकतम ५ दिन भन्दा बढीको फील्ड आदेश स्वीकृत गर्नका लागि पेश गर्नुहुँदैन ।

**७. असुल उपर गरिनेः**

यस कार्यविधी विपरीत बढी फील्ड सुविधा उपभोग गरेको वा दफा ५ बमोजिमको समयमा प्रतिवेदन पेश नगरेकोवा यस कार्यविधी बमोजिमको प्रक्रिया पुरा नगरेको ठहरेमा त्यस्तो भुक्तानी लिने कर्मचारीबाट बढी ठहर भएबराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**८. फील्ड सुविधाः**

क) दफा ५ बमोजिमको प्रतिवेदन स्वीकृत भैसकेपछि अधिकृतस्तरको कर्मचारीको हकमा प्रतिदिन रु पाँचसय र सहायकस्तरको कर्मचारीको हकमा रु चार सय बराबरको फील्डभत्ता उपलब्ध गराईनेछ ।

ख) बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ३ (छातासेन बाहेक) को हकमा यस कार्यविधी बमोजिमको फिल्ड भत्ता उपलब्ध गराईने छैन साथै वडा नं. ६ का योजनाहरुको हकमा उपदफा १ बमोजिमको रकममा पचास प्रतिशत बराबरको थप रकम थप गरी फिल्ड सुविधा उपलब्ध गराईनेछ ।

ग) स्वीकृत फिल्ड आदेशको अन्तिम दिनबापत उपदफा १ बराबरको रकमको चौथाई रकम मात्र फील्ड सुविधा दिन सकिनेछ।

घ) प्राविधिक कर्मचारीले आफूले महिनाभरमा काम गरेको प्राविधिक प्रतिवेदन तथा यस कार्यविधी बमोजिम तयार गरी पेश गर्नुपर्ने कार्यविधिहरु अनुसूची १,२,३,४ को निर्दिष्ट ढाँचामा भरी अर्को महिनाको सात गते भित्र पेश गरेपछि मात्रै भुक्तानी दिन सकिनेछ ।

## परिच्छेदः ३

**९. असलनियतले गरेका कामको बचाउः**

यस कार्यविधी बमोजिम योजना सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्बन्धमा गाउँपालिका कर्मचारी, प्राविधिक कर्मचारी वा अनुगमन टोलीका संयोजनक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन ।

**१०. प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन ।

**११. बाधा अड्काउ फुकाउने अधिकारः**

यस कार्यविधीमा कुनै बाधा अड्काउ परेमा अनुगमन टोलीको बैठकबाट निर्णयका लागि वाधा अड्काउ फुकाउ गर्न गाउँ कार्यपालिकामा पठाइने छ ।

**१२. संशोधनः**

यस कार्यविधीमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

**१३. अधिकार प्रत्यायोजनः**

गाउँकार्यपालिकाले यस कार्यविधीको सम्पूर्ण दफा वा कुनै निश्चित दफाको कार्यान्वयनको अधिकार राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**अनुसूचीः१**

**नियम ३ संग सम्बन्धित**

**बान्नीगढी जयगढ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**फिल्ड आदेश**

संख्याः

मितिः

फिल्ड भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीको नामः

पदः

कार्यालयः

फिल्ड जाने वडा नं.:

स्थानः

योजनाको नामः

फिल्ड भ्रमणको उदेश्यः

अवधिः मिति ............................... देखि .............................. सम्म ।

फिल्ड भ्रमण गर्ने दिनः

भ्रमण गर्ने साधनः

भ्रमणका निमित्त माग गरेको पेश्की खर्चः

भ्रमण सम्बन्धी अन्य आवश्यक कुराः

.......................................
भ्रमण स्वीकृत गर्ने पदाधिकारी
मिति

---

बजेट .......................................... बाट नगद/चेक नं. ..................................... रु. .................... अक्षरेपी ................................................................. दिइएको छ ।

बुझिलिनेको सहीः

नाम, थरः

**अनुसूचीः २**

**दफा ५ को उपदफा २ संग सम्बन्धित**

**बान्नीगढी जयगढ गाउँ कार्यपालिकाको कार्यालय**

**फिल्ड भ्रमण खर्चको बिल**

कर्मचारीको नामः

दर्जा श्रेणी खुल्ने गरीः

कार्यालयः

कर्मचारीको स्थायी ठेगानाः उदेश्यः

योजनाको नामः ठेगानाः

| प्रस्थान | | पहुँच | | दैनिक भत्ता | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | | | | | | | |

स्विकृत फिल्ड आदेश नं.: ............................................ मितिः

स्विकृत रकमः

पेश भएको व्यहोरा ठीक छ झुठा ठहरे प्रचलित कानून बमोजिम सहने छु बुझाउने छु ।

भ्रमण गर्ने कर्मचारीको दस्तखतः

मितिः

जाँच गर्ने अधिकारीको दस्तखतः

मितिः

स्विकृत गर्ने अधिकारीको दस्तखतः

मितिः

**अनुसूचीः३**

**दफा ६ को उपदफा १ संग सम्बन्धित**

श्री बान्नीगढी जयगढ गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय।

विषयः मासिक फिल्ड भ्रमण फाँटवारी ।

मिति २०७४ साल ............ महिनामा यस गाउँपालिका अन्तरगतका निम्न वडाका योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरीएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | फिल्ड भ्रमणगरिएको वडा नं र ठाउँ | योजनाको नाम | मिति | उद्देश्य | प्रतिवेदन पेश गरे/नगरेको | उपभोक्ता समितिका अध्यक्ष/ सचिव/ कोषाध्यक्षको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

पेश गर्ने

नाम थरः

दर्जाः

हस्ताक्षरः

सदर गर्ने

नाम थरः

दर्जाः

हस्ताक्षरः

यस फाँटवारीमा उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदन/ फिल्ड आदेशसंग भिडाई पेश गरेको छु। अन्यथा ठहरे सहुँला/ बुझाउँला।

## अनुसूचीः४

### दफा ६ को उपदफा २संग सम्बन्धित फिल्ड भ्रमण फाँटवारी नं.

श्री बान्नीगढी जयगढ गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय ।

विषय - योजनागत फिल्ड भ्रमण फाँटवारी ।

यस गाउँपालिका अन्तरगतका निम्न योजनामा निम्न मितिमा फिल्ड भ्रमण गरी प्रतिवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | योजनाको लगत तयार गर्न तोक भएको मिति | लगत यार गरी स्वीकृत भएको मिति | अनुगमन/ रनिङ बिल उद्देश्यले फिल्ड भ्रमण भएको मिति | अनुगमन/ रनिङबिल प्रतिवेदन स्वीकृत भएको मिति | कार्य सम्पन्न उद्देश्यले फिल्ड भ्रमण भएको मिति | कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएको मिति |
|---|---|---|---|---|---|---|
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |
| वडा नं. योजनाको नाम | | | | | | |
| | | | | | | |

| पेश गर्ने | सदर गर्ने |
|---|---|
| नाम थरः | नाम थरः |
| दर्जाः | दर्जाः |
| हस्ताक्षरः | हस्ताक्षरः |

यस फाँटवारीमा उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदन/फिल्ड आदेशसंग भिडाई पेश गरेको छु । अन्यथा ठहरे सहुँला/ बुझाउँला।

आज्ञाले,
दिपक पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत